# मेन्छयायेम गाउँपालिका
## Menchhayayem Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
मोराहाङ्ग, तेह्रथुम

Morahang, Tehrathum

१ नं. प्रदेश, नेपाल

Province No. 1, Nepal


## करार सेवामा पदपूर्ति सम्बन्धि सूचना !!!

प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०१

मेन्छयायेम गाउँपालिका गाउँ कार्यपालिका कार्यालय/अन्तरगतका स्वास्थ्य संस्था/वडा कार्यालयमा रिक्त रहेको निम्न पदमा **मेन्छयायेम गाउँपालिका सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४** बमोजिम करार सेवामा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७९।०५।१५) भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | सेवा | तह | माग संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| ०१/०७९/०८० | रोजगार सहायक | विविध | पाँचौ | १ | ५०० |
| ०२/०७९/०८० | हेल्थ असिस्टेण्ट | स्वास्थ्य | पाँचौ | १ | ५०० |
| ०३/०७९/०८० | अ.हे.ब. | स्वास्थ्य | चौथो | २ | ५०० |
| ०४/०७९/०८० | अ.न.मी. | स्वास्थ्य | चौथो | १ | ५०० |
| ०५/०७९/०८० | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहीन | ४ | ३०० |

१ **आवश्यक कागजातहरू:** नागरिकता प्रमाणपत्रको प्रतिलिपि (१ प्रति), पासपोर्ट साइजको फोटो (३ प्रति), शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि, अनुभव तथा तालिम सम्बन्धि प्रमाणपत्रहरूको प्रतिलिपि ।

२. **न्यूनतम शैक्षिक योग्यता**

क. विज्ञापन नं. ०१/०७९/०८० का लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण भएको हुनुपर्नेछ । साथै तीन महिने आधारभूत कम्प्यूटर तालिम लिएको हुनुपर्नेछ ।

ख. विज्ञापन नं. ०२/०७९/०८० का लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट PCL वा जेनेरल मेडिसिन विषयमा प्रमाणपत्र तह उत्तीर्ण भएको हुनुपर्नेछ ।

ग. विज्ञापन नं. ०३/०७९/०८० का लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट C.M.A. उत्तीर्ण गरेको हुनुपर्नेछ ।

घ. विज्ञापन नं. ०४/०७९/०८० का लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट अ.न.मी. उत्तीर्ण गरेको हुनुपर्नेछ ।

ङ. विज्ञापन नं. ०५/०७९/०८० का लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट एसएलसी वा सोसरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

३. **उमेर हद :-** अन्य पदको हकमा ४० वर्ष र विज्ञापन नं. ०५/०७९/०८० को हकमा ३५ (महिलाको हकमा ४० वर्ष) ।

४. **दरखास्त दिने स्थान :-** मेन्छयायेम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मोराहाङ्ग, तेह्रथुम ।

५. **छनौटको किसिम :-** प्रचलित कानून एवं मापदण्ड बमोजिम लिखित परीक्षा एवं अन्तरवार्ता लिइनेछ ।

६. **सेवा सुविधा :-** गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

७. **पाठ्यक्रम :-** विज्ञापन नं. ०१/०७९/०८० का लागि प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्धारण गरेको पाठ्यक्रमअनुसार र अन्य पदमा लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमअनुसार हुनेछ ।

८. **दरखास्त दस्तुर जम्मा गर्ने तरिका :-** नेपाल क्रेडिट एण्ड कमर्स बैंक मेन्छयायेम शाखामा रहेको मेन्छयायेम गाउँपालिकाको ग.१.१ आन्तरिक राजश्व खाता १५०००००२५८०१ मा राजश्व जम्मा गरेको भौचरसहित दरखास्त फारम बुझाउनुपर्नेछ ।

९. परीक्षा मिति अर्को सूचनामा प्रकाशन गरिनेछ ।

२०७९/५/१

उमेश घिमिरे
प्रमुख प्रशासकिय अधिकृत


E-mail : menchhayayemruralmun73@gmail.com, info@menchhayayemmun.gov.np web : menchhayayemmun.gov.np